# कागेश्वरी मनोहरा नगरपालिका

**KAGESHWORI MANOHARA MUNICIPALITY**

नगर कार्यपालिकाको कार्यालय (OFFICE OF MUNICIPAL EXECUTIVE)

डाँछी, काठमाडौं (Danchhi, Kathmandu)

बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

पत्र संख्या :- ०७७/०७८ (PMEP)

च.नं. ८०१

मिति : २०७७/०४/१८

कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाडौं बागमती प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:( २०७७/०४/१८)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. ०७६/७७ च.न.PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस कागेश्वरी मनोहरा नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पनेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननांघेको

२. दरखास्त दिने स्थान :- **कागेश्वरी मनोहरा नगरपालिकाको कार्यालय, डाँछी, काठमाडौ।**

३. दरखास्त दिने अन्तिम मिति :- **२०७७/०४/३२** गते कार्यालय समय भित्र।

४. आवेदनको दस्तुर :- **रु. ४००/-**

५. छनौटको किसिम :- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु:

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७) सेवा सुविधा: "गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया" को दफा (११), (१२) र (१३) बमोजिम हनेुछ।

८) पदले सम्पादित गर्नुपर्ने कार्यविवरण : (गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम हनेुछ।

नोट : प्रारम्भिक योग्यताक्रमको सूचीसँगै परीक्षाको मिति, समय र स्थान तोकि सूचना प्रकाशन गरिनेछ।

गौरीराज ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत